# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड २ संख्या १४ पौष १८ गते, २०७५ साल**

## भाग १

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँसभाले जारी गरेको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरि एको छ।**

# संवत् २०७५ सालको ऐन नं. १४

## आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५

**प्रस्तावना**

बालबालिका र युवाको लागि उच्च गुणस्तरको जिवन पर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधरण जनतालाई सुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल सर्वसाधरण जनताको सदाचार शिष्टाचार र नैतिकता कायम राख्न यस गाउँपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भईरहेका विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त विद्यालय शिक्षाको विकास गर्ने वाञ्छनीय भएकोले,

मादी गाउँपालिका कास्की

नेपालको संविधान २०७२ को धारा २२६ अनुसूची ८ को सूची नं ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा २ (ज) बमोजिमको अधिकारमा आधारित रही मादी गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(क) यस ऐनको नाम "आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५" रहेको छ ।

(ख) यो ऐन मादी गाउँपालिका क्षेत्र भर लागू हुने छ ।

(ग) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ

(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "निम्न माध्यमिक" शिक्षा भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) "पूर्व माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा दशसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) "उत्तर माध्यमिक शिक्षा" भन्नाले कक्षा एघार देखि कक्षा बाह्रसम्म दिईने शिक्षा सम्झनु पर्छ ।

(छ) "गाउँपालिका" भन्नाले मादी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ज) "गाउँ सभा" भन्नाले मादी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(झ) "विशेष शिक्षा" भन्नाले दृष्टिबिहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु

(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ट) "प्राविधिक तथा ब्यावसायिक" शिक्षा भन्नाले प्राविधिक ज्ञान सीप तथा बिषयवस्तुको सिकाई गरी प्रबिधि र व्यवसायको शिक्षा प्रदान गर्ने कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराईने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरीएको नाँफा नकमाउने प्रकृतिको नेपाल सरकार वाट नियमित रुपमा अनुदान पाउँने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

मादी गाउँपालिका, कास्की

(ड) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरीएको नेपाल सरकारवाट नियमित रुपमा अनुदान नपाउँने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्यकर्मचारी सम्झनु पर्छ ।

(ण) "तोकिएको वा तोकिए" बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(त) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थपगर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(द) "आवासीय" विद्यालय भन्नाले नेपाल सरकार वा गाउँपालिकावाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरीएको विद्यालयलाई जनाउँछ ।

(ध) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्धेश्यले स्थापना गरेको सार्वजानिक वा निजी गुठी सम्झनु पर्छ ।

(न) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोवास गर्न पाउँनेगरी नेपाली नागरीकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी) परमानेन्ट रेजिन्ट भिसा (पी.आर) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा वसोबास गर्न दिएको जुनसुकै नामको स्थायी अवासीय अनुमति समेतलाई जनाउँछ ।

(प) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष मुनीका बालबालिकालाई दिईने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने :**

(१) कुनै नेपाली नागरीकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अर्न्तगत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिको तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ

गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त वन्देज पालना गरी वडा समितिको सिफारीसमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले सर्तवन्देज पालना गरिएको देखिएमा वडा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृत प्रदानगर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्ने छ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा मागबमोजिम विद्यालय सञ्चालन गर्ने वडा समितिको सिफारीसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५)मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयहरुलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजानिक भवनमा संचालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजानिक जग्गामा भवन बनाई संचालन भएका विद्यालय ,

(ग) कुनै व्यक्ति वा सस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन संचालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहायबमोजिम गर्नुपर्ने छ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी संचालक(ट्रष्ट) सुसंगठीत संस्थाको हुनुपर्ने ,

(ख) शैक्षिक गुठी संचालन गर्दा गुठी सञ्चालक (ट्रष्ट) सार्वजानिक गुठीको भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तिन जना सदस्य हुनुपर्ने ,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडागरी मान्यता प्राप्त लेखापरीक्षकवाट लेखापरीक्षण गराउनुपर्ने ,

(घ) शैक्षिक गुठिको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमा नै वा शेष पछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराअधिकारी तोक्न सक्ने छ । तर सार्वजानिक शैक्षीक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा

गाउँपालिकाको स्वीकृति लिनुपर्ने छ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चानल गर्न चाहेमा तोकिएको अधिकारी बाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्ने छ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुने छन् ।

(१०) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्वन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिईने छैन । तर नेपाल सरकारसंग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्ने छ । यसरी सञ्चालित विद्यालयलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्ने छ ।

(११) विद्यालय सञ्चालन तोकिए बमोजिम हुने छ ।

४. **परीक्षाको सञ्चालन :** विभिन्न तहको शिक्षा उर्तीण तथा योग्यता परीक्षको सञ्चालन तोकिए बमोजिम हुने छ ।

५. **माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षा देहाय प्रकारका हुने छन ।

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा ।

६. विशेष शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्वन्धि व्यवस्था :

(१) गाउँपालिकाले आवश्यक पूर्वधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालनको व्यवस्था ।गर्न सक्ने छ ।

**७. शिक्षाको माध्यम :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुने छ ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्ने छ :

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने छ ।

(ख) गरै नेपाली नागरीकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्यायन गर्न सक्ने छ ।

(ग) भाषा विषय अध्यायन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्ने छ ।

(घ) अनिवार्य अंग्रजी विषय अध्ययान गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउँनु पर्नेछ ।

८. **विद्यालयको पाढयक्रम र पाठ्यपुस्तक :** विद्यालयले नेपाल सरकारल तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाई उपलब्धि हासील हुनेगरी अध्ययन अध्यापन गराउँनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्ने छ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्ने छ ।

९. **गाउपालिका शिक्षा समिति :**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमका गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषय समितिको संयोजक - सदस्य

(ग) गाउँ कार्यपालिकाले तोकेको गाउँ सभाका सदस्यहरुमध्येवाट एकजना - सदस्य

(घ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ङ) समाजसेवी र शिक्षाप्रेमीहरु मध्येवाट शिक्षा समितिले मनोनित गरेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(च) शिक्षण पेशामा उच्च योगदान पुर्‍याएका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट अध्यक्षवाट मनोनित गरेको एकजना -सदस्य

(छ) गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ज) गाउँपालिकाको शिक्षा अधिकृत -सदस्य सचिव

(२) समितिका पदेन सदस्य वाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुने

माडी गाउँपालिका, कास्की

छ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिने छ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टीकरणको मौकावाट बञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) आफ्नो कार्यक्षेत्र भित्रको शैक्षिक योजना तयार पार्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनको लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने गाभ्ने सम्बन्धी गाउँ कार्यपालिकालाई अवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक श्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित वनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयको लेखापरीक्षको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो श्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुका शिक्षक दरवन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजक वनाउने

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकाश गन र प्रगति मूल्यांकन गर्ने ।

(झ) शिक्षाको सामाजिक परीक्षणको अनुगमन गर्ने ।

(ञ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(ठ) शैक्षिक गुठीसंग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ड) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक तथा कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरी सूची प्रकाशन गर्ने ।

(थ) अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

५) गाउँ शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ ।

(६) शिक्षा अधिकृत सम्बन्धी व्यवस्था :

(क) गाउँपालिकामा शिक्षा शाखा प्रमुखको रुपमा शिक्षा अधिकृत रहने र शिक्षा अधिकृत गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा रहने

छ ।

(ख) शिक्षा अधिकृतको जिम्मेवरी तोकिए बमोजिम हुने छ

**१०. विद्यालयको अनुगमन निरीक्षण :** (१) विद्यालयको नियमित अनुगमन र निरीक्षणको तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि समूह विद्यालयको रुपमा श्रोत केन्द्र रहने छन ।

(२) श्रोतकेन्द्रको प्रमुखको रुपमा श्रोत व्यक्ति रहने छन ।

(३) श्रोत व्यक्तिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

**११. घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने :** गाउँपालिकाको तर्फबाट विकट हिमाली क्षेत्रमा अवश्यकता पहिचान गरी तोकिए बमोजिमको घुम्ती विद्यालयहरु सञ्चालन गर्न सक्ने छ ।

**१२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने छ ।

**१३. स्थानीय अध्यापन अनुमति पत्र लिनुपर्ने:** विद्यालयले सामुदायिक स्रोतबाट करारमा नियुक्ति हुन तोकिए बमोजिमको स्थानीय अध्यापन अनुमतिपत्र लिएर मात्र उम्मेदवार हुन योग्य हुने छन् । नेपाल सरकारबाट अध्यापन अनुमति प्राप्त उम्मेदवारलाई यो दफा लागु हुने छैन ।

**१४. अनुदानको व्यवस्था:**

(१) यो ऐन प्रारम्भ हुँदाको बखत दिँदैआएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा ताकिए बमोजिम कटौती गर्न सकिने छ ।

(२) सामुदायिक विद्यालयहरुलाई ताकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्ने छ ।

**१५. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने:** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्ने छ ।

**१६. प्रारम्भिक वाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :** गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्ने छ ।

**१७. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था :** प्रारिम्भक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्वन्धि व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

मादी गाउँपालिका, कास्की

**१८. विद्यालय व्यवस्थापन समिति :** (१) [1]सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यरु रहेका एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकले आफुहरु मध्येवाट छानी पठाएका एकजना महिला सहित तीनजना सदस्य

(ख) विद्यालय रहेको वडाको वडा अध्यक्षले तोकी पठाएको एकजना सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना महिला सहित तीनजना सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको एकजना सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

(२) विद्यालय रहेको वडाका वडाअध्यक्ष विद्यालयको प्रमुख संरक्षक रहनेछन् ।

(३) विद्यालय व्यवस्थानपन समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी व्यवस्था अधिकार तोकिए वमोजिम हुने छ ।

(४) शैक्षिक गुठी अर्न्तगत सञ्चालन भएका विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

१९. विद्यालय व्यवस्थापन समितिको विघटन तोकिए बमोजिम हुने छ ।

**२०. विद्यालयको विधान :** (१) यो ऐन र प्रचलित कानुनको अधिनमा रही प्रत्येक प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य र मान्यता, सञ्चालन प्रकृया लगायत अन्य सान्र्दभिक विषयवस्तु समावेश भएको विधान अभिभवक सभा बाट पारीत गराई लागू गर्नु पर्नेछ ।

(२) अभिभावक सभाले विधान आवश्यकता अनुसार संशोधन गर्न सक्ने छ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सवैको कर्तव्य हुने छ ।

(४) अध्यावधिक विधानको प्रतिलिपि पारीत भएको मितिवाट ७ दिन भित्र व्यवस्थापन समितिले गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुने छ र जोसुकैले पनि हेर्न

1 पहिलो संशोधनबाट संशोधित

पाउनु पर्नेछ ।

**२१. विज्ञ समूह गठन :**

(१) गाउँपालिकालाई शैक्षिक नीति निर्धारणमा सहयोग गर्ने, आवश्यक अध्ययन, अनुसन्धान प्रतिवेदन तयार गर्न गाउँपालिका शिक्षा समितिलाई आवश्यक राय परामर्श उपलव्ध गराउन देहाय बमोजिमका पदाधिकारी रहेको गाउँपालिका शिक्षा विज्ञ समूह गठन गरिने छ ।

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) गाउँपालिका क्षेत्रमा बसोबास गरी शिक्षा क्षेत्रमा अनुभव प्राप्त व्यक्तिहरु , विषय विशेषज्ञ, शिक्षा विद्हरु मध्ये संयोजकवाट मनोनित ३ (तीन जना) - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(२) उक्त समितिमा गाउँपलिका शिक्षा अधिकृतले सदस्य सचिव भई काम गर्ने छन ।

(३) विज्ञसमूहको वैठकमा अवश्यकतानुसार अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिने छ ।

**२२. गाउँपालिका शिक्षा विकास कोष :**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक गाउँ शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(क) नेपाल सरकार वाट प्राप्त अनुदान रकम

(ख) प्रदेश सरकार वाट प्राप्त अनुदान,

(ग) गाउँपालिका वाट प्राप्त अनुदान,

(घ) संस्थागत विद्यलयवाट प्राप्त विद्यालयको बार्षिक कूल आम्दानी मध्ये तोकिए बमोजमको रकम ,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य श्रोतबाट प्रप्त रकम ।

**२३. कोष सञ्चालक समिति :**

माछापुच्छ्रे गाउँपालिका, कास्की

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुने छ ।

२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ ।

**२४. विद्यालय कोष :**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुने छ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुने छ :-

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकावाट प्राप्त अनुदान ,

(ख) गाउँपालिका शिक्षा कोषवाट प्राप्त अनुदान ,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम ,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम ,

(ङ) अन्य श्रोतवाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुने छ ।

**२५. गाउपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसंग सम्वन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुने छ ।

माद्दी गाउँपालिका, कास्की

**२६. गाउँपालिकाले विद्यालय सार्न , गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**
गाउँपालिकाले हाल सञ्चालन भइरहेका ३० मिनेटको हिडाईको दुरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानवाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी अर्को ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्ने छ ।

**२७. विद्यालयको सम्पत्ति :**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच बिखन गरी प्राप्त भएको रकम सम्वन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

२) शैक्षिक गुठी अर्न्तगत सञ्चालित संस्थागत विद्यालको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परीवर्तन गर्न पाईने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संथागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचविखन गर्न पाईने छैन ।

**२८. विद्यालयलाई छुट र सुबिधा :**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखीएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित पारीत गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारीत गर्दा नेपाल सरकारले तोकेको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्ने छ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा ताकिए बमोजिम हुने छ ।

**२९. अनुमति वा स्वीकृति रद्ध गर्ने :**
कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमती वा स्वीकृति रद्ध गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्वन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन ।

**३०. विद्यालको वर्गीकरण :** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३१. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययान, अध्यापन गर्ने वातावरण सृजना गर्ने तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाव हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

२) उपदाफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३२. शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्ने छ ।

(३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तह सम्म नि:शुल्क शिक्षा प्रदान गर्नको लागि गाँउपालिकाले आवश्क श्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोहि विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थी संग कुन किसिमका शुल्क लिन पाउने छैन ।

माछीगाउँपालिका, काग्री

(७) संस्थागत विद्यालयल विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीवाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्वन्धमा स्वीकृत दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाका आधारमा दिइनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसंग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ ।

**३३. शिक्षक युनियन, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको समवन्धमा कार्य गर्न तोकिए बमोजिम एक शिक्षक युनियन रहनेछ ।

२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदवाट हटाउन गाँउपालिका समक्ष सिफारीस गर्नेछ ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणीत भएमा ,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) सामुदायिक बिद्यालयका शिक्षक वा कर्मचारीले कार्यलय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हक हितका नाममा छदम रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्न संगठनका गतिविधिमा कार्यलयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदवाट हटाउनुपर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाँउपालिकाले निजलाई पदवाट हटाउन सक्ने छ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव मफिकका स्पष्टिकरणको मौका भने प्रदान गरीनेछ ।

**३४. स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदाकि विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासिय अनुमति

लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुने छ ।

**३५. शैक्षिक योग्यता :** विद्यालय शिक्षकका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुने छ ।

**३६. शिक्षक विद्यार्थीका अनुपात मिलाउनु पर्ने :** गाँउपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**(३७) शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुदैन ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम , दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ ।

**३८. अदालतको आदेशवाट पुनः वहाली हुन सक्ने :**

(१) दफा ३३ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीवाट हटाइएको वा बर्खास्त भएको शिक्षक तथा कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम पुनः वहाली भएको शिक्षकले नोकरीवाट हटेदेखि पुनः बहाली भएको मिति सम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३९. शिक्षको नियुक्ति र सरुवा :**

(१) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरबन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुने छ ।

(२) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाँउपालिका भित्रका कार्यरत विद्यालयको विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा वाधा नपर्ने गरी गाँउ शिक्षा समितिले तोकिए बमोजिमका प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्ने छ ।

(३) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाँउपालिका भित्रका कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाँउपालिकाले अर्को गाँउपालिकामा सरुवाको लागि सहमति दिन

सक्ने छ ।

**४०. दरबन्दी मिलान :**

(१) तोकिएको मापदण्डको आधारमा बढि दरबन्दी भएको विद्यालयवाट कम दरवन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गरी सार्नु पर्नेछ ।

**४१. संस्थागत विद्यालयले छात्रबृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न अपाङ्गता भएकाहरु, महिला, दलित वा उत्पिडीत वर्गको लागि छात्रवृत्ति उपलव्ध गराउनु पर्नेछ

(२) उपदफा (१)बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाँउपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृति छनौट समिति रहनेछ ।

(३) समितिले छनौट लागि आधार सर्त र प्रकिृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजानिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटका नतिजा आधार सहित सार्वजानिक गर्नू पर्नेछ ।

**४२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** दफा ३८ मा उल्लेखित अवस्थामा वा नियम अनुसार विदा स्वीकृत गराई बसेको अवस्थामा वाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलव, भत्ता पाँउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**४३. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाँउपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरवन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

**४४. बालवालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यबहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालयवाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

**४५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्ब तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा बिदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४६. प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाँउपालिकामा बुझाउनु पर्नेछ ।

**४७. दण्ड सजाय :** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्धा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिमको जरिवाना गर्न सक्ने छ ।

(२) कसैले देहायका कार्यगरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुने छ ।

(क) प्रश्न पत्रको गोपनीयता भङ्ग गरेमा ,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापारबाही वा गरै जिम्मेवारपूर्ण कार्य गरेमा ,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृत बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फवाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्श, भाषा शिक्षण कक्षा तथा पूर्ब तयारी कक्षा सञ्चालन गरेमा ,

(झ) कानुन विपरीतको अन्य कार्य गरेमा,

(३) कानुन बमोजिमको कसुर सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्धा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्धा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्धा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्वन हुने छ । सो शिक्षक वा कर्मचारी अदालतवाट

माछी गाउँपालिका, कास्की

कसुरदार ठहरीएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**४८. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४९ .नियम बनाउने अधिकार :**

(१) यस ऐनका उद्देश्य कार्यान्वित गर्न गाँउपालिकाले आवश्यक नियम बनाउन सक्ने छ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्ने छ ।

**५०. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्ने छ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त भएको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्ने छ ।

**५१. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाँउ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्ने छ । र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५२. बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियम लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुने छ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(३) संविधान, प्रदेश कानुन, संघीय कानुन र यस गाउँपालिकाको अन्य कानुनसँग बाझिएको हकमा यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय र अमान्य हुने छन् ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

आज्ञाले,
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

मादी गाउँपालिका, कास्की